# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: १०/ ०८१/ ०८२ मिति: २०८१/ ११/ ११

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आज मिति २०८१ साल फागुन ११ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**प्रस्ताव नं १ समिक्षा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**प्रस्ताव नं २ समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट मिति २०८१ साल माघ १५ गते प्रकाशन भएको संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि स्थानीय तहहरुले प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना बमोजिम यस अर्जुनधारा नगरपालिकामा आगामी आर्थिक वर्ष ०८२/८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रम छनौटका लागि आवश्यक छलफल तथा निर्णयार्थ विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथि छलफल गरी आगामी आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार बाट प्राप्त हुने समपुरक तथा विशेष अनुदानका लागि यस अर्जुनधारा नगरपालिकाबाट देहाय बमोजिमको प्राथमिकता क्रममा रहेका आयोजना वा कार्यक्रमहरुलाई छनौट गरी प्रस्ताव पेश गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

| अनुदान | प्राथमिकताक्रम | आयोजना वा कार्यक्रम |
|---|---|---|
| समपुरक अनुदान (संघ) | १ | महानन्द चौक माता मन्दिर सडक कालोपत्रे (गत आर्थिक वर्षबाट क्रमागत) |
| | २ | वडा नं २ रातेभित्ताबाट मदन भण्डारी राजमार्ग सम्म जोड्ने सडक कालोपत्रे |
| | ३ | शनिश्चरे-कालिझोडा सडक कालोपत्रे |
| विशेष अनुदान (संघ) | १ | बिरिङ खोला तटबन्धन, वडा नं ७ |
| | २ | नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुमा डिजिटल शिक्षा कार्यक्रम |
| | ३ | बिरिङ खोला तटबन्धन, वडा नं ५ |

**प्रस्ताव नं ३ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५" अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र लिन तोकिए बमोजिमको कागजात संलग्न राखी इजाजतपत्र पाउनका लागि देहाय बमोजिमका निर्माण व्यवसायीहरुको निवेदन दिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्राविधिक शाखाबाट कार्यविधिमा तोकिए बमोजिमको मापदण्ड पुरा गरेको भनी सिफारिस सहित इजाजतपत्र जारी गर्नका लागि कार्यविधिको दफा ३ बमोजिम नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ बैठकमा पेश भएको ।

| सि.नं. | फर्मको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | सुपेरियर बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | अर्जुनधारा-७ | तिलबहादुर तामाङ समेत |
| २ | बगान बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | अर्जुनधारा-७ | विनाम पोखरेल |

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथी छलफल हुँदा अर्जुनधारा नगरपालिकाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५** बमोजिम तोकिएको मापदण्ड पुरा भई प्राविधिक सिफारिस प्राप्त भएका माथिको प्रस्तावमा उल्लेखित फर्महरुलाई प्रचलित कानून बमोजिम तोकिए बमोजिमको कार्य गर्न घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ नगर प्रमुख तटबन्धन कार्यक्रम सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका १ नं वडा कार्यालयबाट वडा नं १ स्थित सोराली गाउँ पश्चिम नेते खोलामा तत्काल तटबन्ध गर्नुपर्ने भएकाले सो तटबन्धन योजनाका लागि रकम विनियोजन गरिदिन भनी सिफारिस सहित माग भई आएको ।

**निर्णयको व्यहोराः** उक्त सिफारिस माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०९२ को स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत नगर प्रमुख तटबन्धन योजना कार्यक्रमका लागि विनियोजित बजेटबाट अर्जुनधारा नगरपालिका वडा नं १ सोराली गाउँ पश्चिम नेते खोलामा तटबन्धन योजनाका लागि रु १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ उत्खनन अनुमति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा रहेको नदीहरुबाट नगरपालिकाबाट स्वीकृत आइइइ प्रतिवेदन बमोजिमको नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि ठेक्का बन्दोवस्त भई सम्झौता भएको निर्माण व्यवसायी भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले सम्झौता बमोजिम टाङटिङ प्याकेज २ र टाङटिङ प्याकेज ४ मा उल्लेखित क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति माग गरी पेश गरेको निवेदन छलफलका लागि बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** यस प्रस्तावमा छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८१/०८२ का लागि नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि ठेक्का दिइएका निर्माण व्यवसायी (फर्म) हरुलाई यस कार्यालय र फर्मबिच भएको सम्झौता बमोजिमको परिमाण तथा अन्य शर्तहरुमा फरक नपर्ने गरी हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो।

प्रस्ताव नं ६ गरिब परिवारको प्रारम्भिक सूचि उपरको गुनासो सम्बन्धमा ।

**प्रस्तावको व्यहोराः** नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त भएको यस अर्जुनधारा नगरपालिकाको गरिब परिवारको प्रारम्भिक सूची उपर गुनासो दर्ता गर्नका लागि नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०९/०७ गते प्रकाशित सूचना बमोजिम कार्यालयमा दर्ता भएका गुनासोहरुका सम्बन्धमा छलफल गरी गुनासो सुनुवाई समितिबाट देहाय बमोजिमको संख्या एवं संलग्न सूची बमोजिमका नामावलीहरुको नाम थप/संशोधन तथा हटाउनका लागि सिफारिस भई गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ६ को उपदफा (१) बमोजिम आवश्यक निर्णार्यार्थ कार्यपालिकाको बैठकमा पेश भएको ।

**देहायः**

१. गरिब परिवारको सूचीबाट हटाइदिनका स्वघोषणा सहित निवेदन एवं अन्य व्यक्तिबाट उजुरी प्राप्त भएकोः ३
२. वर्ग परिवर्तनका लागि निवेदन प्राप्त भएकोः २
३. गरिब परिवारमा पर्नुपर्नेमा अन्य वर्गमा परेका भनी गुनासो गर्नेः ८७

**निर्णयको व्यहोराः** गुनासो सुनुवाई समितिबाट सिफारिस भई आए बमोजिम प्रस्तावसाथ संलग्न विवरण अनुसारका व्यक्तिहरुको नाम थप/वर्ग परिवर्तन/संशोधनका लागि नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउने निर्णय गरियो ।